# हज: एक जानकारी
# २०७८

नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल हज समितिको सचिवालय**
काठमाडौं

# १. हज परिचय

## क. हज

ईस्लाम धर्मका पाँच आधारस्तम्भहरू मध्ये हज एक हो। पाँच आधारस्तम्भहरू ईमान (आस्था), नमाज (प्रार्थना), रोजा (व्रत), जकात (दान) र **हज** (**तीर्थ**) हुन्। हज शब्दको अर्थ "**धार्मिक यात्रा गर्ने सोच**" भन्ने हुन्छ। ईमान, नमाज र रोजा यी तीन कार्यहरु सम्पूर्ण ईस्लाम धर्मावलम्वीहरुको लागि अनिवार्य शर्त हो भने वर्षमा एक पटक जकात र जीवनमा एक पटक हज आर्थिकरूपमा सक्षम व्यक्तिको लागि मात्र अनिवार्य हो। जुन व्यक्तिले हजयात्राका लागि आवश्यक खर्च सहज तवरले जुटाउन सक्छ त्यस्तो व्यक्तिका लागि मात्र हज अनिवार्य हुनेछ। हजयात्रालाई विश्वकै सबैभन्दा ठूलो धार्मिक भेलाको रुपमा लिईन्छ।

ईस्वी सम्वत, विक्रम सम्वत र नेपाल सम्वत जस्तै ईस्लाम धर्मावलम्वीहरुको छुट्टै पात्रो हिजरी सम्वतको १२ औ महिना जिल्हिज्जा हो।उक्त महिनामा विश्वभरबाट ईस्लाम धर्मावलम्बीहरु हजका लागि साउदी अरवको मक्का जाने गर्दछन। मक्का र मदिना ऐतिहासिक तथा पवित्र शहर हुन। मक्कामा ईस्लाम धर्मका अन्तिम सन्देष्टा हजरत मोहम्मद सल्लल्लाहु अलैहिवस्सल्लमको जन्म भएको हो र मदिना उनको कव्रस्तान (समाधिस्थल) हो।

ईफराद ,किरान र तमत्तो गरी हज ३ प्रकारका हुन्छन। जसमध्ये नेपालीहरुले तमत्तो हज गर्दछन्।

## ख. हज गर्ने तरिका

जिल्हिज्जा महिनाको ८ तारिखबाट हज शुरु हुन्छ। हज ८ तारिखबाट ५ वा ६ दिनसम्म गरिन्छ। हजको तयारीका लागि ८ तारिख भन्दा १ दिन अगावै हजका लागि एहराम बाध्ने र हजको नियत (ईरादा) गर्नुपर्ने हुन्छ।

### १. मिना शरिफ (पहिलो दिनः ८ तारिख)

विश्वका जुनसुकै कुनाबाट हज गर्न गएको भएपनि जिल्हिज्जा महिनाको ८ तारिखका दिन विहानको नमाज (फज्रको प्रार्थना) पछि मक्का सहरदेखि केही किलोमिटर परको मिना भन्ने स्थानमा गएर बास बस्नुपर्ने हुन्छ।

मिना एक ऐतिहासिक स्थान हो। मिनामा हजमा सहभागी हुने लाखौं हजयात्रीको बासका लागि साउदी सरकारले खेमा (टेन्ट) को व्यवस्था गरेको हुन्छ। खेमामा सुविधासम्पन्न



अस्पतालहरु, आपतकालिन भवनहरु, शौचालय, एअरकुलर, पिउनेपानी, खाना पकाउन ग्यासलगायत सबै व्यवस्था गरिएको हुन्छ। झण्डै ३० किलोमिटर क्षेत्रमा हजयात्रीकै लागि लाखौं स्थायी खेमा बनाईएको छ। तीं खेमा हजयात्रामा मात्रै प्रयोग हुन्छन्। दिनभरि मिनामा बस्ने र अल्लाह तआलाको धेरैभन्दा धेरै ईबादत गर्नु पर्दछ। मिनामा बस्दा सकेसम्म नमाज मस्जिदे खैफमा पढ्नुपर्दछ।

### २. अरफात मैदान (दोस्रो दिनः ९ तारिख)

एक रात मिनाको खेमा (टेन्ट) मा बिताएपछि नौ(९) जिल्हिज्जाका दिन हजयात्रीहरु फज्रको नमाज (विहानको प्रार्थना) पछि पवित्र अरफात मैदान प्रस्थान गर्नुपर्दछ। अरफात मैदान मिनाबाट साढे नौं किलोमिटर टाढा छ। हजमा सहभागी सबै हजयात्री एकै समयमा मिनाबाट अरफातका लागि निस्कनुपर्ने हुन्छ। त्यहां जान सवारी साधन वा पैदल जुन तरिकाले पनि जान सकिन्छ। रेलको पनि सुविधा रहेको छ।

लाखौं मानिस एकै मैदानमा एउटै समयमा भेला हुँदा कयौं देशका तीर्थालु तितरवितर हुने संभावना पनि हुन्छ। मिनाबाट अरफातसम्म निकै फराकिलो बाटो छ। बाटोमा हजयात्रीका लागि लाखौं शौचालय, पानीका धारा र नमाज पढ्न मस्जिद बनाईएको हुन्छ। मिनादेखि अराफातसम्म जान वृद्ध, बृद्धाका लागि निकै चुनौतीपूर्ण काम हो।

**अरफातसंग सम्बन्धित केही शर्तहरु यस प्रकार छन्। जुन पूरा गर्न बाध्यकारी हुन्छ।**

- अरफातको मैदानमा एकछिन भएपनि उपस्थित नभई हज पूरा हुँदैन।
- हजको दोस्रो दिन (९ तारिख) बिहानको समयमा पुग्न नसके , दिउँसो जोहर नमाजको समय देखि हजको तेस्रो दिन १० तारिख दिनको सुर्य उदाउनुभन्दा पहिले नै पुगिसकेको हुनुपर्छ।
- अरफातमा आईसकेका व्यक्तिहरु मैदानभन्दा बाहिर जान नमिल्ने र गएपनि सुर्यास्त (मगरिब) हुनुभन्दा अगावै अनिवार्य रुपमा मैदानमा आईसकेको हुनुपर्दछ। यसो नगरेमा दम (एक प्रकारको जरिवाना) दिनुपर्ने हुन्छ।

**वकुफे अरफा :** यो एक किसिमको विधि हो, जस अनुसार जोहरको नमाजपछि उभेर जबले रहमा(माउण्ट) नजिक गएर दुआ गर्ने गरिन्छ । मैदानमै मस्जिदे नम्र नामको मस्जिद छ। मस्जिद भित्र एकै पटक सात लाख भन्दा बढीले नमाज पढ्न सक्ने व्यवस्था छ। अरफातमा बस्दा सकेसम्म नमाज मस्जिदे नम्रहमा पढ्नुपर्दछ।

**मुज्दलिफाः** ९ तारिखकै दिन अरफात मैदानमा घाम डुबेर पहेंलो भएपछि मात्र हजयात्रीहरु त्यहाबाट मुज्दलिफा भन्ने ठाउँमा फर्किन सुरु गर्छन्। जुन स्थान अरफात र मिनाको

बीचमा पर्दछ। त्यहा अशक्त रहेका महिला बाहेकका तीर्थालुलाई अनिवार्य रुपमा एक रात विताउनुपर्ने हुन्छ। मुज्दलिफा पनि एक ऐतिहासिक स्थल हो। लाखौं हजयात्रीले एक रात भएपनि बिताउनुपर्ने भएकाले यहा मिना र अरफातमा जस्तो बस्नका लागि कुनै खेमा(टेन्ट) वा घरको व्यवस्था हुदैन। मुज्दलिफामा मग्रिब र ईशा (रातको नमाज) एकै पटक पढेर रातभरी तीर्थालुहरु जाग्ने र ईबादत गर्ने गर्दछन्। शैतानलाई ढुंगा हान्न सोही ठाउँबाट स-साना ढुंगा (चनाको दाना जत्रो) संकलन गर्नुपर्ने हुन्छ। ४९ वटा ढुंगा आवश्यक पर्छ।

### ३. कुर्वानी (तेस्रो दिन १० तारिख)

- फज्रको नमाज (विहानको प्रार्थना) पछि तीर्थालुहरुले मुज्दिल्फा छोड्न सुरु गर्नुपर्दछ र मिनातिर प्रस्थान गर्नुपर्दछ।
- मिना पुगेर ठुलो शैतान लाई सात(७) वटा ढुंगाले सात पटक हान्नुपर्दछ।शैतानलाई ढुंगा हान्नु पनि हजको मुख्य अंग नै हो। शैतानलाई ढुंगा नहानेसम्म हज पूरा हुदैन। यदी कोही अशक्त छ भने आफ्नो नाम बाट अरु कसैलाई उक्त कार्य गर्न जिम्मा दिनसक्छन्। अरफातबाट जम्रात झण्डै १२ किलोमिटर दूरीमा छ। जम्रातमा लाखौं मानिसले एकै पटक ढुंगा हान्नुपर्ने भएकाले ढुंगा हान्नकै लागि चार वटा तल्ला व्यवस्था गरिएको छ। जसका कारण एकै पटक लाखौं मानिसले शैतानलाई ढुंगा हान्न सक्छन्। ढुंगा हानेर छिटो बाहिर निस्कन सकियोस् भनेर धैरै स्थानमा लिफ्टको व्यवस्था गरिएको छ। शैतानलाई सात वटा ढुंगाले अल्लाह (इश्वर) को नाम पुकार्दै (विस्मिल्लाहे अल्लाहु अक्बर भन्दै) हान्नुपर्ने हुन्छ।
- शैतानलाई ढुंगा हानिसकेपछि प्रत्येक हजयात्रीले जनावरको कुर्बानी (बली) दिनुपर्ने हुन्छ। कुर्बानी दिईसकेपछि हरेक हजयात्रीले आफ्नो कपाल मुण्डन गर्नु अनिवार्य छ। महिलाले भने कपालका केही रौं काटेपनि हुन्छ। सो दिनको रात मिनाकै खेमामा बिताउनुपर्छ, अन्यत्र रात बिताउन मिल्दैन। त्यसपछि एहराम फुकाल्दा हुन्छ।
- अघिल्लो दिनजस्तै तीर्थालुले अनिवार्य रुपमा मक्काको हरम शरीफस्थित काबा (अल्लाहको घर) को तवाफ (परिक्रमा) गर्नुपर्ने तथा काबासंगैको ऐतिहासिक अल् सफा र अल् मर्वह नामका दुई पहाडको समेत सात पटक परिक्रमा गर्नुपर्ने हुन्छ। यसपछि हजको मुख्य अंश पूरा हुन्छ।

### ४. तशरीक (११,१२,१३ तारिख)

- **चौथो दिन (११ तारिख)** का दिन तीनवटै शैतानलाई सात, सात वटा ढुंगाले हान्नु पर्ने हुन्छ।



- **पाचौ दिन (१२ तारिख)** पनि तीनवटै शैतानलाई सात, सात वटा ढुंगाले हान्नु पर्ने हुन्छ र सुर्यास्त हुनुभन्दा अगावै आआफ्नो डेरा फर्किनुपर्दछ। सो दिन सुर्यास्त हुनुभन्दा अगावै आआफ्नो डेरा फर्किन नसकेको खण्डमा पुनः छैटौ दिन (१३ तारिख) तीनवटै शैतानलाई सात, सात वटा ढुंगाले हानेर मात्र फर्किनु पर्दछ नत्र भने दम दिनुपर्ने हुन्छ।
- **तवाफे वेदा वा बिदाई परिक्रमा:** हज सकिएपछि हाजिहरु मक्काबाट आआफ्नो घर फर्किने मनसाय बनाएमा फर्किनुभन्दा अगावै अनिवार्य रुपमा मक्का शरिफको अन्तिम पटक परिक्रमा गर्नुपर्ने हुन्छ। जसलाई तवाफे वेदा भनिन्छ। तवाफे वेदा नगर्ने हाजिहरुले दम दिनुपर्ने हुन्छ।

### ग. मदिना शरिफः

मक्काको हज समाप्त भएपछि नेपाली हाजीहरु मदिना जाने गर्दछन। मदिना मक्का वाट करीव ४०० किमि टाढा रहेको छ। मदिनामा ईस्लाम धर्मका अन्तिम सन्देष्टा हजरत मोहम्मद सल्लल्लाहु अलैहिवसल्लम को समाधिस्थल हो। कतिपय हजयात्रुहरु भने मदिना नगई मक्कावाटै आफ्नो घर फर्किनछन्। नेपाली हजयुहरु भने मदिना गई मस्जिद ए बवुईमा नमाज पढ्ने,दुआ माग्ने लगायत उपासना पछि घर फर्किन्छन।

### घ. हज का अनिवार्य शर्तहरु

**एहराम :** एहराम एक किसिमको सेतो रंगको नसिलाएको कपडाका दुई (२) टुक्राहरु हुन्। एक टुक्रा कम्मर भन्दा मुनिका शरीरका भागहरुमा बेरिन्छ जसलाई लुङ्गी भनिन्छ र अर्को टुक्रा कमर भन्दा माथिका शरीरका भागहरुमा ओढिन्छ जसलाई चादर भनिन्छ।

**उमरा :** उमरा गर्ने तरिका;

**ईस्तेलाम :** हजयात्रीहरु जहाजबाट ओर्लिएपछि सिधै काबा (अल्लाहको घर) प्रस्थान गरी काबामा सात पटक हज्रे अस्वदलाई नजिकबाट हातले छोएर वा टाढाबाट ईशाराले चुम्दै परिक्रमा गर्नुपर्दछ यसलाई ईस्तेलाम भनिन्छ। सात पटक परिक्रमा गर्दा प्रत्येक पटक हज्रे अस्वदलाई चुमेर सुरु गर्नुपर्दछ।

**इज्तेबाअ वा रमल तवाफे कुदूम :** मक्का पुगिसकेपछिको पहिलो तवाफ मा पुरुषको लागि रमल र इजतेबाअ मसनुन जरुरी हुन्छ। यो महिलाको लागि चाहि अनिवार्य होइन। रमल शुरुका तीन चक्करमा मात्रै र इजतेबाअ पूरै तवाफ भरि नै गर्नुपर्छ। काबामा ७ पटक परिक्रमा गर्दा प्रत्येक पटक दुआहरु पढ्नपर्दछ। उल्लेखित दुआहरु नजानेको खण्डमा आफुले जानेको कुनैपनि दुआ पढ्न सकिन्छ। काबाको सातपटक परिक्रमा गरिसकेपछि मकामे ईब्राहिमको पछाडिपट्टि गएर दुई (२) रकत नमाज पढ्नुपर्दछ। (ठाउँ नपाए आसपासको अन्य ठाउँमा पढ्दा हुन्छ)

**जमजम**: कावाको परिक्रमा र दुआ गरिसकेपछि जजमजमको पानी पिउने गरिन्छ। जमजमको पानी पिउदा मनमा रहेको मनोकामना पूरा हुने मान्यता रहेको छ।

**अल् सफा र अल् मर्वह** : कावाको परिक्रमा पश्चात अल् सफा र अल् मर्वह माउण्टको परिक्रमा गर्ने गरिन्छ। कावासंगैको ऐतिहासिक अल् सफा र अल् मरवा नामका दुई पहाडको समेत सात पटक परिक्रमागर्नुपर्ने हुन्छ

**हल्क** : पुरुषले आफ्नो कपाल कटाउनुपर्ने हुन्छ र महिलाको हकमा केही रौं मात्र काटे पुग्छ। यसपश्चात उमरा पूरा हुन्छ। उमरा हज अघिको कार्य हो।

**शैतानलाई ढुंगा हान्ने**: मिनामा रहेको ठुलो शैतानलाई सात(७) वटा ढुंगाले सात पटक हान्नुपर्दछ।

**कुर्बानी**: शैतानलाई ढुंगा हानिसकेपछि प्रत्येक हजयात्रीले जनावरको कुर्बानी (बली) दिनुपर्ने हुन्छ।

### ङ. हजको कोसेली:

हज यात्राबाट खासगरी हाजीहरुले जमजम (पवित्र पानी), खजुर, जानमाज (नमाज पढ्ने विशेष कपडा), तस्वीह (नमाज पढ्दा जप्ने माला) लगायत उपहार बोकेर फर्किने चलन छ। हाजीले उपहारस्वरुप दिएका सामानलाई निकै सम्मानस्वरुप ग्रहण गरिन्छ। त्यसका अलावा हाजीको पन निकै कदर गरिन्छ। हज गरी फर्किएका यात्रुलाई सम्मानस्वरुप हाजी साहेब भनिन्छ।

## २. नेपालमा हजको अभ्यास

नेपालमा वि.स. २०२१ वाट आधिकारिक रुपमा हज समिति गठन गरी समितिका पदाधिकारीहरुको नेतृत्वमा भारतको बम्वईवाट पानी जहाज मार्फत हजयात्रा गर्ने गरिएको अभिलेखमा भेटिएको छ। वि.स.२०६६ सालमा हजयात्रालाई अभ्र व्यवस्थित र मर्यादित वनाउन केन्द्रिय हज समिति कार्यविधि,२०६६ तर्जुमा गरिएको र सो अगाडी हज समिति गठन तथा सञ्चालनका लागि छुट्टै कार्यविधि नभई केवल हजका समयमा मात्र पदाधिकारीहरु नियुक्ति गरी जिम्मेवारी दिईने गरिएको पाईन्छ। हाल नेपाल हज समितिको सञ्चालन तथा व्यवस्थापन **नेपाल हज समिति कार्यविधि** २०७२ अनुसार हुने गरेको छ। हजयात्राका लागि करिव १२०० देखि १५०० सम्म कोटा प्राप्त हुने गरेको छ।



## ३. नेपाल हज समिति संरचना

नेपाल हज समिति नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत रहेको छ। समितिले गरेका निर्णयहरु कार्यान्वयन गर्न तथा समितिको कोष परिचालन गर्ने गरी नेपाल हज समितिको सचिवालय सञ्चालनमा रहेको छ। नेपाल हज समितिमा ईस्लाम धर्म तथा हजयात्राका वारेमा विज्ञ व्यक्तिहरु मध्येवाट अध्यक्ष वाहेक २५ जना सदस्यहरु नियुक्त हुने व्यवस्था छ। समितिमा नेपाल सरकार परराष्ट्र मन्त्रालय,अर्थ मन्त्रालय,कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट १/१ जना उपसचिवस्तर सदस्य र गृह मन्त्रालयको उपसचिव सदस्य सचिव रहने र समितिको पदावधि २ वर्षको हुने व्यवस्था रहेको छ।

## ४. हज व्यवस्थापनसंग सम्वन्धित निकाय /पद्धाधिकारी र मुख्य मुख्य भूमिका

### संस्थागत संरचना;

#### क. गृह मन्त्रालय

- हजयात्रुहरुको कोटा तथा व्यवस्थापन सम्बन्धमा साउदी अरब सरकारसँग सम्झौता गर्ने।
- हज सम्बन्धी नीतिगत/कार्यविधिगत विषयहरूमा नेपाल सरकार परराष्ट्र मन्त्रालय लगायत अन्य सम्बद्ध निकायहरूमा समन्वय गर्ने।
- सचिवालयको वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने।
- हजयात्रा सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन समिति / सचिवालय तथा जिल्ला प्रशासन कार्यालय/ईलाका प्रशासन कार्यालयहरुलाई निर्देशन दिने।
- समिति तथा सचिवालयबाट सम्पादन हुने गतिविधिहरू तथा हज समिति सम्बद्ध पदाधिकारीहरुले तोकिएको आचारसंहिता पालना गरे नगरेको सम्बन्धमा अनुगमन गरी निर्देशन दिने।

#### ख. परराष्ट्र मन्त्रालय

- हजयात्रुहरूको कोटा निर्धारण, भिसा सहजीकरण, मक्का मदिनामा हजयात्रुहरूको व्यवस्थापन सम्बन्धमा दूतावास/महावाणिज्य दूतावास तथा नेपाल स्थित साउदी अरब दूतावाससंग समन्वय र सहजीकरण गर्ने।
- हजयात्रा व्यवस्थापन सम्बन्धमा मन्त्रालय तथा समिति समक्ष आवश्यक समन्वय, सहजीकरण गर्ने।

## ग. साउदीस्थित नेपाली दूतावास

- हजयात्रा सम्बन्धी नितिगत विषय तथा कोटा प्राप्ति सम्बन्धि विषयहरुमा साउदी अरवको रियादस्थित हज सम्वद्घ निकाय तथा पदाधिकारीहरु (Counterparts) हरुसंग समन्वय तथा सहजीकरण गर्ने ।
- हजयात्रा व्यवस्थित वनाउने सम्वन्धमा महावाणिज्य दूतावासलाई आवश्यक निर्देशन तथा सहजीकरण गर्ने साथै हज व्यवस्थापन कार्यको अनुगमन गर्ने।

## घ. महावाणिज्य दूतावास, जेद्दा

- हजयात्रुहरुको भिषा व्यवस्थापनमा साउदी अरवको जेद्दास्थित हज सम्वद्घ निकाय तथा पदाधिकारीहरु (Counterparts) हरुसंग समन्वय तथा सहजीकरण गर्ने ।
- मक्का मदिनामा हजयात्रुहरुको आवास तथा खाना,परिवहन लगायत कार्यहरुको व्यवस्थापन गर्ने ।
- हजयात्रुहरुको पथप्रदर्शक तथा धार्मिक कार्यमा सहयोगका लागि स्वयंसेवक छनौट तथा परिचालन गर्ने ।
- हजस्थल तथा समग्र हजयात्रा सम्बन्धी व्यवस्थापकीय कार्यको अनुगमन गर्ने ।
- हजयात्राको क्रममा मृत्यु हुने हजयात्रुहरुको शव व्यवस्थापन सम्बन्धमा सहजीकरण गर्ने ।
- हजयात्रा अवधिभर हज प्रतिनिधिमण्डल तथा हजयात्रुहरुको सहज सम्पर्कका लागि हटलाईन सेवा (Hotline) सञ्चालन गर्ने ।
- हजयात्रा पश्चात सो क्रममा भएका राम्रा अभ्यास तथा सुधार गर्नुपर्ने पक्षहरु समावेश गरी दूतावासको समेत पृष्ठपोषण लिई एकिकृत प्रतिवेदन तयार गरी परराष्ट्र मन्त्रालय मार्फत सचिवालयमा पठाउने ।

## ङ. नेपाल हज समितिको सचिवालय

- नेपाल हज समितिको बैठक सञ्चालन तथा निर्णयहरूको प्रभावकारी कार्यान्वयन गर्ने ।
- हज तथा उमरा यात्रा व्यवस्थापन सम्बन्धमा सम्बद्ध निकायहरूसँग समन्वय गर्ने ।
- नेपाल हज समितिको सचिवालयका लागि विनियोजित वार्षिक कार्यक्रम तथा वजेट कार्यान्वयन गर्ने ।
- हज तथा उमरा यात्रुहरुको लागि भिषा व्यवस्थापनमा सहजीकरण गर्ने तथा मक्का मदिनामा हुने समग्र व्यवस्थापन कार्यको अनुगमन गर्ने ।
- हजयात्रा सम्वन्धी जानकारी तथा सूचना स्रोतकेन्द्रको रूपमा सचिवालयलाई विकास गर्ने ।



- हजयात्रा सम्वन्धी विभिन्न प्रचारात्मक तथा जानकारीमूलक सामाग्रीहरु उत्पादन तथा वितरण गर्ने ।
- हजयात्रा व्यवस्थापन सम्वन्धी विषयमा जिल्ला प्रशासन कार्यालय/ईलाका प्रशासन कार्यालयहरू तथा हजयात्रुहरूको लागि अभिमुखीकरण गर्ने ।
- हजयात्रा व्यवस्थापनका वारेमा हजयात्रुहरुवाट नमुना संख्या छनौट गरी पृष्ठपोषण संकलन गर्ने ।
- हज प्रतिनिधि मण्डलबाट समयमा नै प्रतिवेदन लिई नेपाल हज समितिमा पेस गर्ने । हज व्यवस्थापनको प्रगति, खर्चको विवरण, व्यवस्थापन प्रक्रियामा देखिका समस्या र चुनौतीहरू तथा सुधार गर्नुपर्ने कुराहरू समावेश गरी सुझाव सहितको एकिकृत प्रतिवेदन नेपाल हज समितिबाट निर्णय गराई गृह मन्त्रालयमा पेस गर्ने ।
- नेपाल हज समितिको नाममा रहेको कोष परिचालन गर्ने । उक्त कोषको नियमानुसार लेखापरीक्षण गराउने साथै लेखापरीक्षणले औँल्याए अनुसारका सुझावहरूलाई पूर्णरूपमा कार्यान्वयन गर्ने ।
- हजयात्रुको रूपमा छनोट हुन नसकेका आवेदकहरूको शुल्क रकम जिल्ला प्रशासन कार्यालय/ईलाका प्रशासन कार्यालयको सिफारिस अनुसार फिर्ता गर्ने ।
- सचिवालयबाट सम्पादित गतिविधिहरूको अभिलेख सुरक्षित राख्ने ।
- हजयात्रा व्यवस्थापन सम्वन्धी गतिविधिहरू चुस्त, दुरुस्त, मितव्ययी र पारदर्शीरूपमा सञ्चालन गर्ने ।

## च. जिल्ला प्रशासन कार्यालय/ईलाका प्रशासन कार्यालय

- हजयात्रा सम्बन्धी सूचनालाई मुस्लिम समुदायसँग सम्बन्धित सङ्घसंस्था तथा प्रतिनिधिहरूलाई समेत संलग्न गराई सूचनाको प्रचारप्रसार गर्ने, गराउने ।
- हजयात्राका लागि आवेदन दिने व्यक्तिहरूको आवेदन फारम सङ्कलन गर्ने, प्रमाणीकरण गर्ने तथा हज व्यवस्थापन सूचना प्रणाली (Haj Management Information System) मा प्रविष्टि गर्ने।
- मुस्लिम समुदाय बाहेक अन्य अन्य समुदायका इस्लाम धर्म मान्ने व्यक्तिहरूको हकमा बेहोरा प्रमाणित गर्ने
- हजयात्राका लागि छनोट भएका व्यक्तिहरूको भिसा प्रक्रियाका लागि आवश्यक Biometric नमुना सङ्कलन गर्ने कार्यमा सचिवालयबाट खटिएका कर्मचारीहरूलाई सहयोग तथा समन्वय गर्ने ।

- हजयात्राका लागि छनोट भएका व्यक्तिहरूलाई COVID–19 वा यस्तै महामारीको रूपमा देखा पर्ने वा परेका विविध महामारी विरुद्ध यात्रा अगावै खोप लगाउने सम्बन्धमा जिल्ला जनस्वास्थ्य कार्यालय, सरकारी अस्पताल तथा अन्य निजी अस्पतालहरूमा समेत समन्वय गर्ने ।
- हजयात्रुको रूपमा छनोट हुन नसकेका वा छनौट भएपनि विविध कारणले यात्रा नगरेका आवेदकहरूको शुल्क रकम फिर्ता गर्ने सम्बन्धमा सिफारिस गर्ने ।

## समिति संरचना

### क. नेपाल हज समिति

नेपाल हज समिति कार्यविधि २०७२ अनुसार नेपाल हज समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छः

- हज र उमरायात्रा सम्बन्धमा सूचनाहरू सङ्कलन गर्ने, आवश्यक नीति र कार्ययोजनाहरू बनाउने तथा त्यसको कार्यान्वयन गर्ने ।
- हज र उमरा यात्रुहरूको कोटा निर्धारण र यात्रु व्यवस्थापन सम्बन्धमा साउदी अरब सरकारसँग प्रत्येक वर्ष गर्नुपर्ने हज सम्बन्धी सम्झौता सम्पन्न गर्न आवश्यक कार्य गर्ने, गराउने ।
- हज र उमरा यात्राको लागि सूचना आह्वान गर्ने, हजयात्रामा लाग्ने कूल खर्च यकिन गर्ने र यसको प्रचार प्रसार राष्ट्रियस्तरमा गरेर आवेदन फारम र लाग्ने रकम जिल्ला प्रशासन कार्यालयहरू मार्फत सङ्कलन गर्ने ।
- प्राप्त कोटाको आधारमा हजयात्रुहरूको छनोट गर्ने ।
- हज र उमरायात्रुहरूको प्रवेशाज्ञा एवं साउदी अरबको मक्का मदिनामा आवासको व्यवस्था मिलाउन आवश्यक सहयोग गर्ने ।
- हज र उमरायात्रुहरूको लागि हवाई टिकटको बन्दोबस्त गर्ने ।
- समितिको निमित्त वार्षिक बजेट तथा कार्यक्रम तयार गरी मन्त्रालयमा स्वीकृतिको निमित्त पठाउने ।
- हज र उमरायात्रीको टोलीमा चिकित्सक सहितको टोली समावेश गर्ने ।
- हज र उमरा यात्रीहरूको रेखदेख र व्यवस्थापनको लागि हज प्रतिनिधिमण्डल पठाउने ।
- हज र उमरायात्रीहरूको हज वा उमरा यात्रा सहज बनाउन आवश्यक अभिमुखीकरण, गोष्ठी, तालिम आदि संचालन गर्ने र जानकारी मूलक पुस्तिका, पम्पँलेट, ब्रोसर आदि प्रकाशित गर्ने ।



- प्रस्थानको समयमा हजयात्रुहरूको स्वास्थ्य जाँच, खोप र विदेशी मुद्रा सटही सम्बन्धमा
- आवश्यक सहयोग र समन्वय गर्ने ।
- हज र उमरा गृह निर्माणको लागि आवश्यक साधन स्रोत जुटाई आवश्यक कार्य अघि बढाउने ।
- हज र उमरायात्री, समितिका सदस्यहरू र हज प्रतिनिधिमण्डलका सदस्यहरूको लागि आचारसंहिता तयार गरी लागु गर्ने ।
- हज र उमरा यात्रा सम्बन्धी कामलाई व्यवस्थित बनाउन आवश्यक अन्य काम गर्ने ।

### ख. हज प्रतिनिधिमण्डल

- हजयात्रीहरूलाई मक्का मदिना सम्म र पुन स्वदेश फिर्ता हुने अवधिसम्म सहजीकरण, रेखदेख, आवास, खानपान, स्वास्थ्य लगायतका विषयमा विशेष ख्याल गर्ने ।
- हवाई यात्राका क्रममा अध्यागमन तथा नागरिक उड्डयनको प्रचलित नियमानुसार यात्रु तथा सामग्री चेकजाँच, लगेज क्लियरेन्स लगायतका कार्यहरूमा यात्रुहरूलाई सहयोग गर्ने तथा आवश्यकतानुसार अध्यागमन एवम् उड्ययन पदाधिकारीहरूसँग समन्वय गर्ने ।
- यात्रा अवधिभर साउदी अरब सरकारले तोकेको नियम पूर्णरूपमा पालना गर्ने, होटल वा डेरामा रहँदा तोकिएको अनुशासन पूर्ण रूपमा पालना गर्ने साथै संरचनाहरूको उपयोग गर्ने सम्बन्धमा हजयात्रीहरूलाई सुसूचित गराउने ।
- हजयात्रीहरुको रेखदेख गर्न तथा धार्मिक कुराहरुमा हजयात्रीहरुको पथ प्रदर्शन गर्नको लागि छनौट भएका स्वयससेवकहरुलाई हजयात्रीको अपेक्षा अनुसार धार्मिक जिज्ञासा पुरा हुने गरी जानकारी उपलब्ध गराउने साथै धार्मिक क्षेत्र लगायतका कार्यमा पूर्ण सहयोग गर्न परिचालन गर्ने।
- हज प्रतिनिधिमण्डल, चिकित्सक टोली तथा स्वयम् सेवकहरूको सम्पर्क स्थान र सम्पर्क नम्बर सबै हजयात्रुहरूलाई सुसचित गराई कुनै समस्या भएमा तत्काल समाधान हुने वातावरण सिर्जना गर्ने ।
- हजयात्रुहरूको लागि आवास, खाना, परिवहन लगायतका व्यवस्थापकीय कार्यहरू गर्दा कुनै मोलाहिजा नगर्ने, त्यस्ता कार्यहरू सम्पादन गर्दा कुनै लोभ लालच नगर्ने, व्यक्तिगत लाभको रूपमा उपयोग नगर्ने साथै सम्पूर्ण कार्यहरू पूर्ण पारदर्शी वनाउन सहयोग गर्ने ।
- हजयात्रुहरूवाट कुनै पनि अनैतिक, गैरकानुनी कार्य हुन नदिन सदैव चनाखो रहनु पर्नेछ । कुनैपनि अपरिचित व्यक्तिहरूले दिएको खानेकुरा नखाने तथा आफुले समेत नदिने साथै वस्तु/सामग्रीहरू नलिने तथा नदिने कार्यका लागि निरन्तररूपमा हजयात्रीहरूलाई सचेत गराउने ।

- हजयात्रा व्यवस्थापनका क्रममा कुनै समस्या भएमा तत्काल नेपाल हज समितिका अध्यक्ष तथा महावाणिज्य दूतावासका सम्पर्क अधिकृतसँग सम्पर्कमा रही आवश्यक सल्लाह र निर्देशन अनुसार गर्ने ।
- चिकित्सक टोलीलाई पूर्णरूपमा हजयात्रीहरूको स्वास्थ्य परीक्षणमा केन्द्रित गराउनु पर्नेछ । विशेष स्वास्थ्य समस्या भएमा साउदी अरब स्थित हज व्यवस्थापन सम्वद्ध आयोजक तथा महावाणिज्य दूतावासका सम्पर्क अधिकृतसँग तत्काल सम्पर्क गरी सल्लाह र निर्देशन अनुसार गर्ने ।
- हजयात्राका क्रममा कुनै यात्रु (हजयात्री तथा प्रतिनिधिमण्डल)को मृत्यु भएमा महावाणिज्य दूतावासका सम्पर्क अधिकृतसँग सम्पर्क गरी प्राप्त निर्देशन तथा मृतकका परिवारसँग सम्पर्क गरी प्राप्त सल्लाह र सुझाव अनुसार गर्ने ।
- यात्रा अवधिभर धार्मिक मनले स्वयमसेवी भावना सहित सहयोग, समन्वय र सहजीकरण गर्नुपर्नेछ ।

### ग. चिकित्सक

- हजयात्राका लागि छनोट भई साउदी अरब जानका लागि आउने सबै हजयात्रीहरूको सामान्य स्वास्थ्य परीक्षण गर्नुपर्नेछ । COVID–19 वा यस्तै महामारीको रूपमा देखा पर्ने वा परेका विविध प्रकोप विरुद्ध खोप लगाए नलगाएको एकिन गरी नलगाएको भए तत्काल हज समितिका पदाधिकारीहरूसँग समन्वय गरी खोप लगाउने व्यवस्था मिलाउन सहयोग गर्ने ।
- मक्का मदिनामा हजयात्रुहरूलाई कुनै स्वास्थ्य समस्या भएमा आफुहरूलाई जानकारी गराउन सबै यात्रुहरूलाई निरन्तर सुसूचित गर्ने ।
- हजयात्रा अवधिभर यात्रुहरूको स्वास्थ्य अवस्थाको नियमित परीक्षण गर्नुपर्नेछ ।विशेष परीक्षण तथा उपचार गर्नुपर्ने भएमा तत्काल हज प्रतिनिधिमण्डललाई जानकारी गराई उपचार कार्यमा सक्रिय रहने ।
- प्राथमिक स्वास्थ्य उपचारका लागि चाहिने औषधि तथा अन्य सामग्रीहरू तयारी अवस्थामा राख्ने ।
- हजयात्रुहरूले स्वस्थ खानेकुराहरू तथा शुद्ध खानपानी प्रयोग गर्ने, सरसफाइमा विशेष ध्यान दिन सुसूचित गर्ने साथै COVID–19 तथा यस्तै अन्य महामारीबाट सुरक्षित रहन गर्नु पर्ने सावधानीका बारेमा समेत सचेत गराउने ।

### ग. स्वयमसेवक

- साउदी अरवमा परिचालन हुने स्वयमसेवककको हकमा हजयात्रुहरुको लागि मक्का मदिनामा बाटोघाटो र स्थानीय बस्तु स्थिति,परिवेश का बारेमा जानकारी गराउने,हजत्राया सम्बन्धी ईतिहास तथा धार्मिक कुराहरू जानकारी गराउने ।



- नेपालमा परिचालन हुने स्वयमसेवकको हकमा साउदी अरव उडान समय तालिका अनुसार अन्तराष्ट्रिय विमानस्थलसम्म पुर्‍याउने, यात्रा अवधिमा आवश्यक पर्ने सामग्रीहरू खरिद गर्न सहयोग गर्ने तथा विदेशी मुद्रा सटहीमा सहजीकरण लगायत हजयात्रुहरुको आवश्यकतानुसार सहजीकरण गर्ने ।

## ५. हजयात्रुहरुले ध्यान दिनु पर्ने कुराहरु

### क. अध्यागमन तथा नागरिक उड्ययन सम्वन्धी नियमहरुः

- हजयात्रुहरुले आफ्नो राहदानी, भिषा, हवाई टिकट तथा वायुसेवा कम्पनिले उपलव्ध गराएको वोर्डिङ पास सुरक्षित राख्नुपर्नेछ ।जुनसुकै समयमा यस्ता कागजातहरु आधिकारिक व्यक्तिले मागेमा सहजै देखाउन सकिने गरी आफ्नो साथै रहने गरी राख्नुपर्नेछ ।
- यात्राको क्रममा प्रतिवन्धित चिजवस्तुहरु जस्तै; हतियार,कैची,व्लेड जस्ता धारिला वस्तुहरु, सलाई/लाईटर,घीउ,तेल जस्ता प्रज्वलनशील पदार्थ,तरल पदार्थ लगायत चिजवस्तुहरु यात्रुहरुले साथमा लैजानु हुदैन ।
- घिउ,तेल,अचार,माछा/मासु,फलफुल,तरकारी तथा अन्य तयारी खानेकुराहरु साथमा बोक्नुहुदैन ।
- यात्रा पश्चात नेपाल फर्कदा के के सामाग्री ल्याउन पाईने हो, सो सम्वन्धमा नेपालको भन्सार नियमका वारेमा हज प्रतिनिधिमण्डलसंग वुझेर मात्र सामाग्री खरिद गर्नुपर्नेछ । भन्सार नियम अनुसार ल्याउन नपाईने सामानहरु ल्याएमा प्रचलित कानुन अनुसार कार्वाही समेत हुनसक्नेछ ।
- विमानस्थल भित्र निशेधित क्षेत्रमा प्रवेश निषेधित संकेत गरिएको हुन्छ । उक्त स्थानमा प्रवेश गर्नुहुदैन ।
- विमानस्थल भित्र हुने सुरक्षा जांचको क्रममा विशेष संवेदनशील हुनुपर्नेछ । सुरक्षाकर्मीले दिएको निर्देशन पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।
- विमानस्थल र हवाई जहाज भित्र अंग्रेजी वा अन्य भाषामा समेत विभिन्न निर्देशनहरु दिईन्छन तसर्थ सो सम्वन्धमा आफुसाथ रहने हज प्रतिनिधिमण्डले सहजीकरण गरे अनुसार कार्यान्वयन गर्नुपर्नेछ ।
- विमानस्थलमा हुने शौचालयमा महिला र पुरुषको संकेत गरिएको हुन्छ । सो संकेत हेरेर मात्र शौचालय प्रयोग गर्नुपर्नेछ ।
- विमानस्थल तथा ट्रान्जिटमा रहदा आफ्नो समूह छाड्न हुदैन । हर समय आफ्नो साथी/समुहको साथमा तोकिएको स्थानमा मात्र वस्नुपर्नेछ ।

- हवाई जहाज कम्पनिले टिकटमा उल्लेख भएअनुसारको तौलको सिमामा रही सामान लैजान र ल्याउन पाईनेछ। आफ्नो सामान तयारी गर्दा नै सोहि अनुसारको तौल सीमा भित्र रहनु गर्दछ।
- उडान समय भन्दा ३ घण्टा अगावै विमानस्थल पुग्नुपर्दछ।
- विमान भित्र प्रवेश गरिसकेपछि बोर्डिङ पासमा उल्लेखित सीट नम्वरमा गई वस्नुपर्दछ। अरु व्यक्तिको सीटमा बस्नुहुदैन।
- उडान कर्मचारीले दिएको सुरक्षा निर्देशन पूर्ण पालना गर्नुपर्दछ।

### ख. धार्मिक कार्य तथा आवतजावत गर्दा पालना गर्नुपर्ने नियमहरु

- साउदी अरब सरकारले तोकेको नियमहरु हजप्रतिनिधिमण्डलबाट जानकारी हुनेछ। उक्त नियमहरुको पूर्ण रुपमा पालना गर्नुपर्नेछ।
- नेपाल हज समितिबाट जारी गरिएको परिचय-पत्र अनिवार्य लगाउनु/बोक्नु पर्नेछ।
- हजयात्रा अवधिभर कुनै समस्या भएमा हज प्रतिनिधिमण्डलसँग तत्काल सम्पर्कमा रहनुपर्नेछ। कुनै स्वास्थ्य समस्या भएमा तत्काल चिकित्सक टोलीसँग सम्पर्क गर्नुपर्नेछ। बाटोघाटो तथा स्थानीय बस्तुस्थितिका बारेमा कुनै जिज्ञासा वा अलमल भएमा हज प्रतिनिधिमण्डल वा तोकिएका स्वयंसेवकहरूसँग सम्पर्क गर्नुपर्नेछ।
- यात्रा अवधिभर राहदानी, भिषा, मोअल्लिम दस्तुर कागज लगायत आफुसाथ सुरक्षित रुपमा राख्नुपर्नेछ। कुनै आधिकारिक व्यक्तिबाट खोजि भएमा मात्र देखाई पुन सुरक्षित तवरले राख्नुपर्नेछ।
- हजयात्राको क्रममा मौअल्लिमको व्यवस्था अनुसारका क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ।
- हजयात्रुहरुविच मित्रवत व्यवहार गर्नुपर्नेछ। राष्ट्रियता तथा आपसी सद्भावका आंच आउने गरी कुनै पनि अनैतिक, असामाजिक, गैरकानुनी कार्यहरु गर्नुहुदैन।
- सुरक्षाकर्मीहरुले दिएको निर्देशन पालना गर्नुपर्दछ। सुरक्षाकर्मी, स्वयमसेवक तथा अन्य व्यक्तिहरुसंग अनावश्यक तर्क वितर्क गर्नुहुदैन।प्रतिवन्धित/निशेधित क्षेत्रमा प्रवेश गर्न वा आवतजावत गर्नु हुदैन। शौचालय प्रयोग गर्दा महिला र पुरुषको संकेत राम्रोसंग हेरेर मात्र प्रयोग गर्नुपर्दछ। प्रतिवन्धित चीजवस्तुहरु जस्तै हतियार, लागूऔषध, मदिरा तथा सुर्तिजन्य पदार्थहरु साथमा वोक्न वा प्रयोग गर्नु हुदैन।फोटो वा भिडियो खिच्नु भन्दा अगाडी उक्त स्थानमा फोटो खिच्न मिल्छ वा मिल्दैन भन्ने आधिकारिक जानकारी लिएर मात्र खिच्नुपर्दछ।
- राजनैतिक विषयमा वहस गर्ने, राजनैतिक दस्तावेज तथा तस्वीरहरु, अश्लील तस्वीर, भिडियो लगायत साथमा राख्ने वा हेर्ने वा चर्चा गर्ने जस्ता कार्यहरु गर्नुहुदैन।



- आफुसाथ रहेका मालसामान तथा रकम सुरक्षित राख्नुपर्दछ।
- आफुले प्रयोग गरी फोहोरको रुपमा उत्पादन भएका चिजवस्तुहरु फोहोर फाल्नमा लागि तोकिएका स्थानमा मात्र फाल्नुपर्दछ।
- धार्मिक कार्य तथा आवतजावत गर्दा भिडभाड गर्नुहुदैन। आफ्नो कार्य गरिसकेपछि खुल्ला स्थानमा प्रतिनिधिमण्डलले तोकेको स्थानमा जम्मा भई वस्नुपर्नेछ।
- हजयात्रा सम्पन्न भएपश्चात तत्काल स्वदेश फिर्ता हुनुपर्दछ।

### ग. होटल तथा आवास क्षेत्रमा पालना गर्नुपर्ने नियमहरु

- होटल तथा आवास क्षेत्रका वारेमा सञ्चालक तथा हज प्रतिनिधिमण्डल मार्फत थाहा पाएका नियमहरु पूर्ण पालना गर्नुपर्नेछ।
- हज प्रतिनिधिमण्डले तोकेको आवास क्षेत्रमा वस्नुपर्दछ। आवास क्षेत्रमा रहदा वा सो वाहिर रहदा कुनै पनि गैरकानुनी कार्यहरु गर्नुहुदैन। कुनै व्यक्तिले त्यस्तो कार्य गरेको वा गर्न लागेको थाहा भएमा तत्काल हज प्रतिनिधिमण्डललाई जानकारी गराउनु पर्दछ।
- हज प्रतिनिधिमण्डललाई जानकारी नगराई आवास क्षेत्र वाहिर जानु हुदैन। कुनै पनि अनधिकृत व्यक्तिहरु संग भेटघाट, कुराकानी गर्नु हुदैन।
- होटलले खाना खाजाका लागि तोकेको समयमा उपस्थित भई खाना खाजा खानुपर्दछ।
- आवास कक्षमा रहेका सरसामानहरु तोडफोड गर्नुहुदैन। भौतिक संरचना प्रयोग गर्ने सम्वन्धमा असहज भएमा सञ्चालक वा प्रतिनिधि मण्डललाई सम्पर्क गरी जानकारी भए अनुसार उपयोग गर्नुपर्दछ।

## ६. हजयात्रुहरुले आफ्नो साथमा राख्नुपर्ने कागजातहरु;

हजयात्रुहरुले निम्नानुसार कागजातहरु यात्रा प्रारम्भ गर्दा देखि यात्रा सम्पन्न नभएसम्म आफुसाथ सुरक्षित राख्नुपर्दछ;

१. राहदानी (Passport)
२. प्रवेशआज्ञा (Visa)
३. हवाई टिकट (Air tickets) तथा वोर्डिङ पास
४. नियमित औषधि सेवन गर्नुपर्ने अवस्थामा यात्रा अवधिभर आवश्यक पर्ने औषधि तथा सो प्रयोग गर्न चिकित्सकले दिएको पूर्जा (Prescription)
५. साउदी अरव सरकारको नियम अनुसार कोभिड १९ वा यस्तै प्रकारको महामारीबाट वच्नका लागि कुनै खोप(Vaccine) लगाईएकोमा सो को प्रमाण
६. नेपाल हज समितिबाट जारी परिचयपत्र
७. नेपाल सरकार तथा साउदी अरव सरकारले तोकेअनुसारका अन्य कागजातहरु

## नेपाल हज समितिका हालसम्मका अध्यक्षहरूको नामावली

| सि.नं. | नाम, थर | ठेगाना | पद | बहाल अवधि |
|---|---|---|---|---|
| १ | अहमद्विन | काठमाण्डौ | संस्थापक | २०२१ |
| २ | मेराम सैयद | बाँके | अध्यक्ष | २०४८-२०५० |
| ३ | महबुब साह | काठमाण्डौ | अध्यक्ष | २०५१-२०५२ |
| ४ | प्रो.हविवुल्लाह | काठमाण्डौ | अध्यक्ष | २०५२-२०५३ |
| ५ | हसन अन्सारी | मोरंग | अध्यक्ष | २०५३-२०५४ |
| ६ | सलिम साह | काठमाण्डौ | अध्यक्ष | २०५४-२०५५ |
| ७ | महबुब साह | काठमाण्डौ | अध्यक्ष | २०५५-२०५६ |
| ८ | निजामुद्दीन | काठमाण्डौ | अध्यक्ष | २०५६-२०५७ |
| ९ | सलिम मियाँ अन्सारी | बारा | अध्यक्ष | २०५७-२०५८ |
| १० | डा.मोहमद मोहासिन | काठमाण्डौ | अध्यक्ष | २०५९-२०६० |
| ११ | महेबुव साह | काठमाण्डौ | अध्यक्ष | २०६२-२०६३ |
| १२ | इजहार मिक्रामनी | रौतहट | अध्यक्ष | २०६३-२०६४ |
| १३ | ताजमोहमद मियाँ | स्याङ्जा | अध्यक्ष | २०६४-२०६५ |
| १४ | मौलाना अबदुल जव्वार | बाँके | अध्यक्ष | २०६५-२०६६ |
| १५ | जामीर हुसेन | अर्घाखाँची | अध्यक्ष | २०६७-२०६८ |
| १६ | अलि अकवर मिक्रा्नी | रौतहट | अध्यक्ष | २०६९-२०७० |
| १७ | ताज मोहमद मियाँ | स्याङ्जा | | २०७१-२०७३ |
| १८ | मोहमद सोयद रजा | धनुषा | अध्यक्ष | २०७३-२०७५ |
| १९ | शमशेर मियाँ | अर्घाखाँची | अध्यक्ष | २०७५-२०७७ |
| २० | शमशेर मियाँ | अर्घाखाँची | अध्यक्ष | २०७७ देखि हाल सम्म |



## नेपाल हज समितिका पदाधिकारीहरू

| सि.नं. | नाम, थर | पद | ठेगाना | बहाल अवधि |
|---|---|---|---|---|
| १ | श्री शमशेर मियाँ | अध्यक्ष | अर्घाखाँची | २०७७.०९.२९ देखि २ वर्ष |
| २ | श्री मोहमद फाजिल | सदस्य | काठमाण्डौ | २०७७.०९.२९ देखि १ वर्ष |
| ३ | श्री बदरूद्जा खाँ | सदस्य | बाँके | २०७७.०९.२९ देखि १ वर्ष |
| ४ | श्री सुनिता खातुन | सदस्य | बारा | २०७७.०९.२९ देखि १ वर्ष |
| ५ | श्री कल्पना मियाँ | सदस्य | चितवन | २०७७.०९.२९ देखि १ वर्ष |
| ६ | श्री फजिर बक्स | सदस्य | सुर्खेत | २०७७.०९.२९ देखि १ वर्ष |
| ७ | श्री रोजिना खातुन | सदस्य | सुनसरी | २०७७.०९.२९ देखि १ वर्ष |
| ८ | श्री मो.इदरिस मियाँ | सदस्य | सप्तरी | २०७७.०९.२९ देखि १ वर्ष |
| ९ | श्री अकवर मोहमद गद्दी | सदस्य | कपिलवस्तु | २०७७.०९.२९ देखि १ वर्ष |
| १० | श्री अहमदिन मियाँ | सदस्य | रूपन्देही | २०७७.०९.२९ देखि १ वर्ष |
| ११ | श्री फैयज खाँ | सदस्य | कैलाली | २०७७.०९.२९ देखि १ वर्ष |
| १२ | श्री हसरदिन मियाँ | सदस्य | अर्घाखाँची | २०७७.०९.२९ देखि १ वर्ष |
| १३ | श्री जुम्द्दिन मियाँ | सदस्य | तनहुँ | २०७७.०९.२९ देखि १ वर्ष |
| १४ | श्री हजरत बेलाल फकिर | सदस्य | रूपन्देही | २०७७.०९.२९ देखि १ वर्ष |
| १५ | श्री मेराज अहमद हलुवाई | सदस्य | बाँके | २०७७.०९.२९ देखि १ वर्ष |
| १६ | श्री सनिल बि.सी.(अब्दुल्लाह) | सदस्य | धनकुटा | २०७७.०९.२९ देखि १ वर्ष |
| १७ | श्री मुस्तकिम खाँ | सदस्य | काठमाण्डौ | २०७७.०९.२९ देखि १ वर्ष |
| १८ | श्री सवावक्स मियाँ | सदस्य | कास्की | २०७८।०२।३० देखि २ वर्ष |
| १९ | श्री इस्लाम मियाँ | सदस्य | स्याङ्जा | २०७८।०३।०४ देखि २ वर्ष |
| २० | प्रतिनिधि (उप-सचिव स्तर) | सदस्य | परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | |
| २१ | कृष्ण पौडेल | सदस्य सचिव | गृह मन्त्रालय | २०७७ फाल्गुन २० देखि |